## निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८२/०८३ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने ।

प्रस्ताव नं.२ माथि छलफल गर्दा शैलुङ गाउँपालिका र Spiral Grid – RIMC-Green Earth JV विच ठेक्का नं. SRM/SQ/RFP/02-2081/082, Preparation of local adaptation plan of Action(LAPA) निर्माणको लागी २०८२/०३/१८ गते भएको सम्झौता बमोजिम सो कार्य सम्पन्न गर्नको लागी मिति २०८२ साल भाद्र २० गते अवधि तोकिएकोमा निर्धारित समय सम्ममा विविध कारणबस कार्य सम्पन्न गर्न नसकिने भनि Spiral Grid – RIMC-Green Earth JV को मिति २०८२/०४/१२ गतेको पत्र प्राप्त भएको हुँदा उक्त कार्य सम्पन्न गर्ने अवधि भाद्र मसान्त सम्मको लागी थप गर्ने ।

प्रस्ताव नं. ३(क) माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको महत्वपुर्ण पर्यटकिय स्थल शैलुङ डाँडा जाने ढुङ्गे कालापानी सडक अन्तर्गत कालापानी बजारमा वर्षायाममा आएको अविरल वर्षाको कारण सडकमा शैलुङ घुम्न आउने पर्यटकहरूको यातायातका साधनहरू फस्ने र पार्किङ स्थल सम्म समेत जान नसक्ने अवस्था सिर्जना भएको हुँदा उक्त सडकलाई प्राविधिक लागत अनुमान अनुसार मर्मत संभार गरी यातायातका साधन चल्ने अवस्थामा पुर्याउने र सोको भुक्तानी प्राविधिक मूल्यांकन अनुसार खर्च उपशिर्षक नं. ३११५१, सडक सरसफाई तथा मर्मत, गाउँपालिका शिर्षकमा विनियोजित रकमबाट गर्ने ।